# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. ५, बुटवल

# सीप विकास तालिम तथा वस्तुगत सहयोगको लागि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६।१०।६

यस मन्त्रालयको आ.व. २०७६।७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार रुकुम पूर्व र रोल्पा जिल्लाका गाउँपालिकाहरुबाट छानिएका विपन्न परिवारका प्रत्येक परिवारबाट एक जना सदस्यलाई मात्र तपसिल अनुसारका तालिम कार्यक्रम सञ्चालन हुने भएकोले उक्त तालीममा सहभागी भई अनुदान सहयोग समेत प्राप्त गर्न चाहने परिवारको नाममा ३ रोपनी भन्दा कम जग्गा जमिन भएको, परिवारको कुनै सदस्य सरकारी वा अन्य कुनै संगठित संस्थामा रोजगार नभएको, कुनै पेशा व्यवसायबाट हुने पारिवारिक मासिक आम्दानी रु १०,०००।०० भन्दा कम भएको वा नेपाल सरकार गरिब घरधुरी सर्वेक्षणमा अति गरिब वर्गको प्रमाणपत्र पाएको ईच्छुक व्यक्तिहरुलाई सम्बन्धित स्थानीय तहमा अनुसूची-६ अनुसारको फारम भरी यो सूचना प्रकाशन भएको १५ दिनभित्र पेश गर्नुहुन सूचित गरिन्छ। सम्बन्धित स्थानीय तहहरुलाई आफ्नो स्थानीय तहमा प्राप्त निवेदकहरु मध्येबाट प्राथमिकता क्रमानुसार ४० जना मुख्य उम्मेदवार र १५ जना वैकल्पिक उम्मेदवार गरी जम्मा ५५ जनाको सिफारिस सहित निवेदकहरुको सक्कलै निवेदन समेत पठाई दिनुहुन यसै सूचनाबाट अनुरोध गरिएको छ। प्रस्तावको नमुना तथा पालिकाको सिफारिस फारमको नमुना लगायत थप जानकारीका लागि यस मन्त्रालयको बेभसाइट www.molmac.p5.gov.np मा राखिएको **"गरिबी न्यूनिकरणका लागि सीप विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७६"** मा हेर्न सकिनेछ।

तपसिलः

१) सिकर्मी तथा फर्निचर सम्बन्धी तालिम।

२) डकर्मी तथा रंगरोगन सम्बन्धी तालिम।

३) प्लम्बर सम्बन्धी तालिम।

४) कपाल काट्ने तालिम।

५) जुस, जाम, जेली, अचार, आदि उत्पादन तथा प्रशोधन सम्बन्धी तालिम।

६) कृषि यन्त्र उपकरण सञ्चालन तथा मर्मत तालिम।

७) च्याउ खेती तालिम।

८) कुखुरा/हाँस पालन तालिम।

९) मौरीपालन तालिम।